कार्यबाहक अध्यक्ष श्री मञ्जु कुमारी शर्मा (पाण्डे) ज्युले **गाउँ सभाको १५ औ अधिवेशनमा** प्रस्तुत गर्नु भएको

# महाबु गाउँपालिकाको **आर्थिक वर्ष २०८१।०८२ को**

# नीति तथा कार्यक्रम

## महाबु गाउँपालिका

गैडाबाज, दैलेख

२०८१ असार १० गते

सर्वप्रथम यस सम्मानित सभामा उपस्थित गाउँसभाका सदस्यज्युहरु, गाउँसभाका सचिवज्यु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीमित्रहरु, पत्रकारज्युहरु लगायत उपस्थित सम्पुर्ण महानुभावहरुलाई यस गरीमामय सभामा हार्दिक स्वागत गर्दै उपस्थितिको लागि धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**गाउँसभाका सदस्यज्यूहरु,**

यस सम्मानित सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु ।यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरु र महाबु गाउँपालिका स्वर्गिय अध्यक्ष लछुमन गुरुङ्ग प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

हामी जानकार नै छौं, हाम्रा चाहना र आवश्यकता असिमित छन्, तर श्रोत र साधन सिमित छ । सिमित श्रोत र साधनको न्यायोचित वितरण र अधिकतम् प्रयोगवाट समग्र गाउँपालिका क्षेत्रका आम नागरिकको विकास तथा परिवर्तनको चाहनालाई सम्बोधन गर्न प्रयास गरिनेछ । तसर्थ सिमित श्रोत र साधनलाई विनियोजन गर्दा प्राथमिकताका आधारमा छनौट गरी समुदायको अधिकतम् जनसहभागिता, सहकार्य तथा सामुहिक स्वार्थ र साझेदारीमा विकासका कार्यक्रम संचालन गर्नुपर्ने अहिलेको टड्कारो आवश्यकता र यथार्थ परिस्थिति हो । यसलाई कार्यान्वयन गर्नका निम्ति सम्पूर्ण राजनीतिक दल, कर्मचारी, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्था, विकासप्रेमी व्यक्तित्वहरु तथा निर्वाचित पदाधिकारी ज्यूहरुसँग सहयोग र सहकार्यको आशा र अपेक्षा गरिएको छ ।
कानुनतः स्थानीय तह पनि एक सरकारको रुपमा स्थापित भई जननिर्वाचित स्थानीय सरकारबाट जनचाहना अनुरुपका समुदायलाई प्रत्यक्ष रुपमा अग्रगामी परिवर्तन तर्फ लैजाने आर्थिक समुन्नती, समृद्धि र सहज जीवनयापनको चाहना पूरा गर्ने नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्नु हामी जनप्रतिनिधिहरुको नागरिक प्रतिको उत्तरदायित्व हो। संविधानको मर्म र भावना अनुसार संघीय लोकतान्त्रीक गणतन्त्रको कार्यान्वयन पक्षमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह विचको सहअस्तित्व, समन्वय र सहकार्यमा महाबु गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक एवम भौतिक पूर्वाधार विकास, दिगो विकास र समृद्धिको लागि यस गाउँसभाले दिशानिर्देश गर्नेछ । सोही अनुसार न्युन श्रोत साधनको अधिकतम परिचालन गरीनागरिकहरुका असिमित आवश्यकताहरु पुरा गर्ने ध्येयका साथ गाउँपालिकाको तर्फबाट आगामी आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम यस सम्मानित नगर सभा समक्ष पेश गर्दछु ।

**गाउँसभाका सदस्यज्यूहरु,**

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत **समुन्नत महाबुः सुखी महाबु बासी**को दिर्घकालिन सोच हासिल गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ।

महाबुबासीको परिवर्तनको चाहना एवं विकास र समृद्धिको सपनालाई सार्थक बनाउन विगतलाई समिक्षा गर्दै आगामी दिनको लागि मार्गनिर्देश गर्नेछ । सामाजिक न्याय सहितको बहुआयामिक आदर्श समाज एवं तिव्र विकासद्वारा **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकांक्षासंग हातेमालो गर्दै **समुन्नत महाबुः सुखी महाबुबासी** बनाउन अगाडी बढ्ने आधार तयार भएको छ । **"सामाजिक,आर्थिक, पूर्वाधार र संस्थागत क्षेत्रको विकास गरी प्रविधिमैत्री एंव सुशासनयुक्त समुन्नत महाबु निर्माणको आधार"** भन्ने मूल लक्ष्यका साथ नेपालको संविधानद्वारा स्थानीय तहलाई प्रद्धत्त अधिकार, स्थानीय सरकार संचालन ऐन, २०७४ का प्रावधान, पन्ध्रौं आवधिक योजना, दिगो विकास लक्ष्य, दिर्घकालिन सोच, लक्ष्य तथा उद्देश्यसँग तादम्यता हुने गरी महाबु गाउँपालिकाको आवश्यकता, साधन श्रोतको उपलव्धता, संस्थागत क्षमता समेतको आधारमा आगामी आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम तय गर्ने प्रयास गरिएको छ ।

**गाउँसभा सदस्यज्यूहरु**

संविधानत :अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु,आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु, विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु, गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु,सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु, सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु, स्थानीय सरकारले कानून बनाउन र कार्यान्वयन गर्न सक्ने, स्थानीय कर संकलन गर्न पाउने, स्थानीय कर्मचारी सेवा र अन्य सेवाको गठन गर्न पाउने, संघ र प्रदेश सरकारबाट समन्वय,निर्देशन र सहयोग लगायत नमुना कानूनको उपलब्धता हुनुलाई पनि अवसरको रुपमा लिन सकिन्छ, महाबु गाउँपालिकामा चेतनशिल र जागरुक नागरिक, उच्च पदस्थ पेशाकर्मी, राजनीतिक दल र बुद्धिजिवि नागरिक समाजबाट हुने रचनात्मक सहयोग, विभिन्न सहयोगी संघ,संस्था, सहकारी, निजी व्यवसायिक क्षेत्र, कृषक समूह, वन उपभोक्ता समूह क्रियाशिल हुनु, मध्यपहाडको मनोरम भूभाग र कृषि, पशुपालन, वन जंगल, जडिवुटी एवं हरियाली क्षेत्र, जैविक

विविधता, छामघाट खोला तथा ताराघाट खोलाले घेरीएको, महाबु मन्दिर लगायतका धार्मिक तथा पुरातात्वीक सम्पदा, स्थानीय जात जातीका लोक कला, संस्कृती र मानव श्रोतलाई यस गाउँपालिकाको अवसरका रुपमा लिन सकिन्छ ।

रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु, बजारको सूचना कृषकलाई समयमानै उपलब्ध गराउनु, गुणस्तरीय बीउ बिजन/मलखाद समयमानै उपलब्ध गराउनु, युवा जनशक्तिलाई कृषि ब्यवसायप्रति आकर्षित गर्नु, ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु, वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु, निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु, सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु, भिरालो ठाउँ, बाढीपहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु, अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु, बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भू-उपयोग योजना तर्जुमा गरी लागू गर्नु, सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु, विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगतसम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना(Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु हाम्रा लागि चुनौतिका लागि रुपमा रहेका छन् ।

**गाउँसभाका सदस्यज्यूहरु,**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीयतहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानु पर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन २०७८, १६ औ आवधिक योजना, दिगो विकास लक्ष्य २०३०को मार्गचित्र, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानूनी प्रावधानका आधारमा आर्थिक वर्ष २०८१/८२को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघ संस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जन प्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानूनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जन सहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) तयार गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ।यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ।संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिनेछ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ।जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

**अब म आगामी आर्थिक** वर्ष२०८१/०८२ को लागि महाबु गाउँपालिकाले अबलम्बन गरिने मुख्य मुख्य क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

**आर्थिक विकास क्षेत्र तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

### क) कृषि तथा पशुपंछी विकास सम्बन्धी नीति

१. जलवायु परिवर्तन र प्रतिकूल मौसमका कारण मानव जीवनमा निम्त्याउन सक्ने खाद्यान्नको अभाव र भोकमरीको अवस्थालाई मध्यनजर गरी साना तथा मझौला कृषि पकेट क्षेत्रको विकास गर्नका लागि “एक वडा एक पकेट क्षेत्र विकास कार्यक्रम” संचालन गरिनेछ ।

२. **“एक वडा एक कृषि उत्पादन"** कार्यक्रमको अवधारणालाई थप व्यवस्थित गर्दै कृर्षि उत्पादकत्व वृद्धि गरी यस गाउँपालिका क्षेत्रलाई अर्गानिक तरकारी, फलफूल, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीति लिइनेछ भने यसका लागि विभिन्न विकास साझेदारहरुसँग आवश्यक समन्वय, साझेदारी तथा सहकार्य गरिनेछ।

३. रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन गर्न किसानहरुलाई स्थानीय स्तरमा उत्पादित रैथाने बीउ विजन वितरण गर्ने व्यवस्था मिलाईनेछ। साथै वीउ बिजन सम्बन्धी कार्यविधि तय गरी आगामी दिनमा किसानबाट नै रैथाने बीउ विजन उत्पादन गराइ बीउ बैंक स्थापना गराइने छ।

४. कृषिलाई गाउँपालिकाको मुख्य आधार स्तम्भ मानेर विद्यमान कानूनलाई आवश्यकता अनुसार परिमार्जन तथा नयाँ कानूनहरुको निर्माण गरिने छ।

५. वडाको सम्भाव्यताका आधारमा भौगोलिक विशेषता प्रतिविम्बित हुने गरी उष्ण, उपोष्ण र समशितोष्ण जलवायु अनुसारको उपयुक्त व्यावसायिक कृषि पकेट बस्तु क्षेत्रको विकास गर्न

एकिकृत प्याकेज कार्यक्रम लागु गरिनेछ। यसमा कम आयतन बढी मुल्य पर्ने अलैची खेती, किवी, च्याउ, केरा, आँप, एभोकाडो, लिचि, नास्पति, हलुवावेद, ड्रागन फ्रुट, ओखर, अनार, कागती, सुन्तला तथा अमिलो जातका फलफूल, बेमौसमी तरकारी खेती, तरकारी बिउ उत्पादन र मसला बाली प्रवर्द्धनमा विशेष जोड दिइनेछ।

६. कृषकलाई तरकारी खेति, च्याउ खेति, विषादीको न्यून प्रयोग, जैविक विषादी निर्माण र प्रयोग सम्बन्धी तालिमका साथै स्थानीय स्रोत व्यक्तिको रुपमा तयार गरिनेछ ।

७. माटोको उर्वरा शक्ति वृद्धि तथा कायम राख्नको लागि माटो शिविर मिनी ल्याव संचालन र रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै गोठेमल सुधार तथा भकारो व्यवस्थापन कार्यक्रम सुरु गरिने छ। साथै प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ।

८. भू-उपयोग नीतिको आधारमा जमिनको बर्गीकरण गरिनेछ भने कृषि योग्य जमिन बाँझो राख्न नपाउने नीति लिइने छ । कृषि योग्य जमिनमा सहकारीताको आधारमा चक्लाबन्दी खेतीलाई प्रोत्साहन गरी खाली जमिनमा गाजा, भाङ्गो, अदुवा, वेसार र फलफुल खेतिलाई प्रोत्सहान गर्ने नीति लिइनेछ ।

९. जलवायु मैत्री कृषि उत्पादनलाई प्रोत्साहित गर्न महाबु गाउँपालिका र साहास नेपाल लगायत अन्य गैर सरकारी संघ संस्थासँगको समन्वय तथा सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।

१०.कृषि क्षेत्रको उत्पादन वृद्धि गराउन भौगोलिक स्थिति अनुसार स्थानीयस्तरमा उपलब्ध जलश्रोत मुहानलाई साना सिँचाई, स्वाइल सिमेन्ट प्लाष्टिक पोखरी, थोपा सिँचाई, रिचार्ज पोखरी प्रयोगमा ल्याउन जोड दिइनेछ। साथै सुविधा नपुगेको जमिनमा सिँचाई सुविधाको लागि साना सिँचाई तथा सहकारी सिंचाई कार्यक्रम संचालन गरिने छ जसले रोजगारीको अवसर सिर्जना गरी गरिबी निवारणमा टेवा पुग्नेछ ।

११.बाली तथा पशु बिमा कार्यक्रमलाई व्यापक र विस्तार गर्दै लगिनेछ।

१२.पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत विरामी पशुको औषधी उपचार, रोग निरोधक खोप, महामारी नियन्त्रण कार्यक्रम नियमित रूपमा सञ्चालन गरिनेछ। साथै सेवाको पहुँचबाट टाढा रहेका क्षेत्रमा निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१३. निर्वाहमुखी तथा परम्परागत पशुपालनलाई आधुनिक एवं व्यवसायिक पशुपंक्षी पालनको रूपमा विकास गरी दूध, मासु र अण्डामा आत्मनिर्भर गराइनेछ ।दुग्ध व्यवसायलाई व्यवसायिक रुपमा संचालन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१४. पशु उत्पादनमा देखिएको उच्च लागतलाई न्यूनीकरण गर्न घाँसमा आधारित पशुपालनलाई जोड दिइनेछ । जसका लागि वर्षै भरी हरियो घाँस उत्पादन गर्न उन्नत जातको घाँस खेतीलाई उच्च महत्त्व दिई घाँसको बीउ तथा बेर्ना वितरण गरिनेछ ।

१५. महाबु गाउँपालिकामा सूचिकृत भएका ३३७४ जना किसानहरुलाई परिचयपत्र वितरण गरिनेछ ।

१६.पशुपालनको उत्पादन तथा उत्पादकत्व को दिगो वृद्धि गर्न पशु नश्ल सुधारको नीति अवलम्बन गरिनेछ । नश्ल सुधारका लागि गाई, भैंसी र बाख्रामा कृत्रिम गर्भाधानको कार्यलाई अभियानकै रूपमा सञ्चालन गरी पशुजन्य उत्पादनमा वृद्धि गरिनेछ ।

१७.पशुपंक्षीको रोग निदान तथा माइनर सर्जरीका लागि मिनी ल्याबलाई व्यवस्थित गरिनेछ साथै रोग निदानको लागि पशुपंक्षीको नमूना संकलन गरी क्षेत्रीय, केन्द्रीय पशुपंक्षी रोग अन्वेषण प्रयोगशालामा पठाईनेछ ।

१८. परम्परागत रूपमा रहेका कृषकहरुको लागि गोठ तथा भकारो सुधार कार्यक्रम संचालनमा ल्याइनेछ ।पशु उत्पादन बजारीकरणका लागि डेरी पसल स्थापना, मासु पसल सुधार र दूध संकलन केन्द्र स्थापना जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

१९.कृषकहरुका लागि आवश्यकता अनुसार व्यवसायिक पशुपालन तालिम, उन्नत घाँस खेती तालिम, सन्तुलित पशु आहारा बनाउने तालिम तथा पशु बीमा सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।

२०. गाउँपालिकामा सक्रिय कृषकहरुलाई अन्तर जिल्ला अध्ययन अवलोकन भ्रमणका माध्यमबाट कृषि क्षेत्रका नयाँ ज्ञान सिप भित्राउनुका साथै पालिका स्तरिय कृषि प्रदर्शनी मेलाको आयोजना गरी **अध्यक्ष उत्कृष्ट** कृषक पुरस्कार तथा सम्मान गर्ने नीति लिइनेछ ।

२१. जलचर सम्पदाको संरक्षण गर्दै महाबु गाउँपालिका वडा नं ४ गिताचौरलाई मत्स्य हब बनाउन आवश्यक व्यवस्था गरिनेछ । त्यसका लागि भुरा उत्पादन तथा प्रजनन केन्द्र स्थापना गरिनेछ ।

## ख) लघु, घरेलु उद्योग तथा वाणिज्य सम्बन्धी नीति

१. गरिबी निवारणका लागि लघु उधम विकास कार्यक्रम सञ्चालन गर्दा मेड्पा निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकासका विभिन्न मोडेलहरु अवलम्बन गरी उद्यम विकास सम्बन्धी सेवाहरुलाई एकीकृत रुपमा प्रदान गरिने छ ।

२. बजारको मागका साथै श्रोतसाधनको उपलब्धता र जनचाहनामा आधारित उद्यम स्थापना तथा विकास र उद्यमीको स्तरोन्नति गरिनेछ ।युवा स्वरोजगारको लागि स्थानीय ज्ञान सिपलाई प्रविधिसँग जोड्न "**उपाध्यक्षसँग किशोर किशोरी** उद्यमशिलता कार्यक्रम" संचालन गरिनेछ ।

३. आगामी आर्थिक वर्षमा ८० जना नयाँ उद्यमी सृजना गरिने छ भने पुराना र वास्तविक उद्यमी पहिचान गरी स्तरोन्नती मार्फत् २० जना उद्यमीहरु तयार गरिने छ ।

४. लघु उद्यमीहरुले उत्पादन गरेका ढाका, होजियारी, अल्लो, दुनाटपरी, दालमोढ, अगरबत्ति लगायत स्थानीय बाँस, निगालोबाट बन्ने डोको, स्याँकु, डालो, सुपो लगायतका सामाग्री बस्तुहरुको बजारीकरण तथा प्रवर्द्धनमा जोड दिनुका साथै कोशेली घरको अवधारणालाई कार्यान्वयन तथा सञ्चालनमा ल्याउनको लागि विशेष पहल गरिनेछ ।

५. उद्यमसिलता विकास गरी लघु उद्यमी तयार गर्न विभिन्न प्रकारका सिपमुलक तालिम स्तर उन्नति तालिम र पुनःर्ताजगी तालिम संञ्चालन गरिनेछ ।

६. उपभोक्ता हित संरक्षणका लागि सरोकारवालाहरुको समन्वयमा बजार अनुगमनलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
७. वैदेशिक रोजगारिवाट फर्केका युवाहरुलाई उनीहरुको सिप र क्षमता अनुसारको कार्य गर्न प्रोत्साहन गरिनेछ ।

**ग) पर्यटन तथा संस्कृति सम्बन्धी नीति**

१. स्थानीय मौलिक कला संस्कृति झल्किने देउडा नाच, मारुनी नाच, हुड्के नाच, पञ्चेवाजा, रत्यौली, देउसी भैलो, धमारी, तरवार नाच, सरमनाँच जस्ता कला संस्कृतिको उचित संरक्षण एवं प्रवर्द्धन गर्न विविध कार्यक्रमहरु संचालन गरिनेछ ।
२. पालिकाभित्र रहेका धार्मिक एवं सांस्कृतिक सम्पदाहरु संरक्षण गर्दै मौलिकपन सहितको आन्तरिक तथा वाह्य पर्यटकिय आकर्षकको रुपमा विकास गरिनेछ ।
३. महाबु गाउँपालिकाको ऐतिहासिक तिर्थस्थल महाबुधाम, वडा नं ५ स्थित महाबैगाथ, महाबु ४ स्थित गिताचौर शिवालय, वडा नं १ स्थित दुम्जा महाबै जगनाथ, वडा नं ३ स्थित ताउलाखार गुफा, वडा नं २ स्थित कैलाश मन्दिरमा आवश्यक पर्यटकिय पुर्वाधार निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
४. पालिकाभित्र रहेका होमस्टेहरुको प्रवर्द्धन गरी पाहुनाको स्वागत सत्कार गर्ने संस्कृतिको विकास गर्न र नयाँ होमस्टे स्थापनाका लागि प्रोत्साहन गरिनेछ ।
५. गाउँपालिकालाई खुल्ला बहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता संरचनाहरु निर्माण गरिनेछ ।
६. गाउँपालिकाका विभिन्न स्थानहरुमा रहेका ऐतिहासिक र पुरातात्विक महत्वका देवलहरुलाई संरक्षण गर्ने नीति लिइनेछ ।
७. महाबु लेकको सुन्दरता र मनोमोहक दृश्यलाई उपयोग गर्न महाबु लेकलाई चलचित्र हब र सिनेमा सिटिका रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।

**घ) सहकारी सम्बन्धी नीति**

१. गाउँपालिका भित्रका सवै सहकारीमा आवद्ध सदस्यहरुलाई सहकारी शिक्षा सम्बन्धी तालिमको ब्यवस्था गरिनेछ ।
२. निस्क्रिय समस्याग्रस्त सहकारीहरुको तथ्याङ्क संकलन गरी संचालनका लागि आवश्यक पृष्ठपोषण तथा दर्ता खारेजीको प्रक्रिया अगाडि बढाइनेछ ।
३. समान उद्देश्य भएका सहकारीहरुलाई आवश्यकताका आधारमा एकीकरण गर्ने नीति लिइनेछ ।

४. महाबु गाउँपालिका कार्यक्षेत्र भएका सम्पुर्ण सहकारीहरुलाई कोपोमिस प्रणालीमा अनिवार्य रुपमा आबद्द गरिने छ।

**ङ) श्रम तथा रोजगारी सम्बन्धी नीति**

१. स्थानीय तहमा रहेका सीप विकास उद्यमशिलता र रोजगारीको तथ्यांक संकलन र विश्लेषण गरी अवसरहरुको पहिचान गर्न, स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम र बजेट तर्जुमा गर्न नागरिकलाई व्यावसायिक सीप विकास, रोजगारी प्रबर्द्धन, उत्पादनशील रोजगारी सिर्जना, उद्यमशिलता प्रवर्द्धन, स्वरोजगारी, वैदेशिक रोजगारीमा जानेलाई दिईने सेवालाई प्रभावकारी कार्यान्वयनका लागि स्थानीय रोजगार रणनीति तयार गरी लागु गरीनेछ ।
२. रोजगार व्यवस्थापन सूचना प्रणालीमा सुचिकृत भएका २५०१ बेरोजगार व्यक्तिहरु मध्ये स्तरीकरणका आधारमा संघ, प्रदेश र स्थानीय तहद्धारा विनियोजित बजेटबाट सञ्चालित आयोजनाहरुमा सूचिकृत कामदारहरुलाई सहभागी गराई कार्यक्रमले लिएको लक्ष्य अनुसार अधिकतम १०० दिनको रोजगारी सिर्जना गरीने छ ।
३. वेरोजगार व्यक्तिहरुको सूचीकरण कार्यलाई आगामी आर्थिक बर्ष २०८१/०८२ मा पनि निरन्तरता प्रदान गरिने छ ।
४. “श्रमको सम्मान राष्ट्रको अभियान” सम्बन्धी क्रियाकलाप सञ्चालन गरिनेछ ।
५. गाउँपालिकावाट सिर्जना हुने रोजगारीमा रोजगार सेवा केन्द्रमा सूचिकृत भएका वेरोजगारहरुलाई प्राथमिकता दिइनेछ ।
६. सवै तहका सरकार, निजी तथा गैर सरकारी क्षेत्रहरुले गर्ने योजना तथा कार्यक्रममा नागरिकको रोजगारीलाई केन्द्रविन्दुमा राखिनेछ ।
७. उत्पादित जनशक्ति र स्थानीय आवश्यकता अनुसार रोजगारीका क्षेत्र विस्तारका कार्यक्रम संचालनमा ल्याइनेछ ।
८. गाउँपालिकामा बेरोजगार युवाहरुको तथ्याङ्क अद्यावधिक गरी स्वरोजगार बनाउने सिपमुलक कार्यक्रम संचालन गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

**सामाजिक विकासक्षेत्र तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**क) शिक्षा युवा तथा खेलकुद सम्वन्धी नीतिहरु**

१. सामुदायिक विद्यालकहरुको गुणस्तर सुधारका लागि प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरिनेछ भने विद्यालयमा विद्यालय ब्यवस्थापन समिति र प्रधानाध्यापकसँग शिक्षकहरुको कार्यसम्पादन करार गर्ने नीति अवलम्बन गरिनेछ ।

२. महाबु गाउँपालिकाको शैक्षिक क्रियाकलापहरूलाई प्रभावकारी बनाउन घुम्ती प्रधानाध्यापक बैठक सञ्चालन गरिनेछ ।
३. दिवाखाजामा स्थानीय उत्पादनलाई जोड दिन विद्यालयहरुलाई प्रोत्सहान गरिनेछ । वडा शिक्षा समितिबाट दिवाखाना मेनु स्वीकृत गरी सोही बमोजिम खाजा व्यवस्थापन गर्नुपर्नेछ ।
४. आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा-८) लाई समुचित व्यवस्थापन गरिने छ ।
५. स्थानीय पाठ्यक्रम **"हाम्रो महाबु, राम्रो महाबु"** कार्यान्वयनका लागि पाठ्यपुस्तक तयार गरी विद्यालयहरूमा वितरण गरिनेछ ।
६. बालविकास केन्द्रहरुलाई मन्टेश्वरी मोडेलबाट संचालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।सामुदायिक सिकाई केन्द्रका परिचालक, बाल विकास केन्द्रका सहजकर्ता, विद्यालय सहायक कर्मचारी, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको पेशागत क्षमता, नेतृत्व सीप तथा व्यवस्थापकीय क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गरिने छ ।
७. प्रत्येक वर्ष उत्कृष्ट तहगत प्रधानाध्यापक र विषयगत शिक्षक छनौट गरी सम्मान गरिनेछ ।SEE मा उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीलाई सम्मान गर्ने नीति लिइनेछ ।
८. शिक्षकहरूलाई आफ्नो मूल कर्तव्य शिक्षण पेशामा बाधा पर्ने गरी राजनीति लगायतका अन्य गतिविधिहरूमा संलग्न हुन नपाउने गरी गाउँ शिक्षा समिती, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले निगरानी राख्ने व्यवस्था मिलाइनेछ । दलको विधान बमोजिमको कार्यसमितिहरूमा रहेका शिक्षकहरूलाई कि राजनीति कि शिक्षण पेशा रोज्नका लागि निश्चित समय दिई तत्पश्चात कानूनी करबाहीका लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।
९. सामाजिक विकास समितिका संयोजक, शिक्षा समितिका पदाधिकारी, वडा शिक्षा समिति,शिक्षा युवा तथा खेलकुद शाखा एवं विषय विज्ञबाट नियमित रूपमा विद्यालय अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गरिनेछ ।साथै आवश्यक परेमा नमूना कक्षा शिक्षणको ब्यवस्था मिलाइनेछ ।
१०. महाबु गाउँपालिकामा स्थायी ठेगाना भएका र महाबु गाउँपालिकामा नै सामुदायिक विद्यालयहरुमा SEE उर्तिण गरी विज्ञान विषय तथा प्राविधिकधारमा अध्ययनरत विद्यार्थिहरुलाई छात्रबृत्तिको ब्यवस्था गरिनेछ ।
११. शैक्षिक गुणस्तर कायमका लागि त्रैमासिक रुपमा वडा शिक्षा समितिमा शैक्षिक प्रगति प्रतिवेदन पेश गर्नुपर्ने नीति लिइनेछ । विद्यार्थिको नतिजा न्यूनतम ७० प्रतिशत कायम गराउनु पर्नेछ । नतिजालाई शिक्षकको कार्यसम्पादनसँग जोडि दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।
१२. **एक विद्यार्थी एक विरूवा** हुर्काउन लगाई उक्त कार्यलाई विद्यार्थीको नतिजासँग जोडिनेछ ।
१३. महाबु गाउँपालिकामा SEE परीक्षा केन्द्र १ वटा मात्र रहेको हुदाँ विद्यार्थिहरुलाई दैलेख बजार गई परीक्षा दिनुपर्ने बाध्यतालाई समाधान गर्न परीक्षा केन्द्रको संख्या थप गर्न पहल गरिनेछ ।
१४.गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुमा विद्युतिय हाजिरलाई विस्तार गर्दै लगिनेछ ।

१५. सामुदायिक विद्यालयहरुमा अतिरिक्त शैक्षिक क्रियाकलाप संञ्चालन गर्न प्रोत्साहन गरी NO BOOK FRIDAY नीति अवलम्बन गरिनेछ ।SKILL UP FRIDAY योजना अन्तर्गत विद्यार्थिहरुलाई प्रत्येक हप्ताको शुक्रबार सिपमुलक र व्यवहारिक ज्ञान दिइनेछ ।

१६. गाउँपालिकाको शैक्षिक वस्तुस्थितिलाई चुस्त दुरूस्त राखका लागि नेपाल सरकारले प्रयोगमा ल्याएको एकीकृत शैक्षिक व्यवस्थापन प्रणालीको प्रयोगलाई सहज बनाउनका लागि तालिम सञ्चालन गरिनेछ ।

१७. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख राखी संरक्षण र व्यवस्थापन गरिनेछ साथै गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पत्ति तथा जनशक्तिको उचित व्यवस्थापन गरिनेछ ।

१८. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन विद्यालयको आय व्ययको लेखा अनुशासन कायम राख्न लेखा व्यवस्थापन तालिम र आन्तरिक लेखापरीक्षणको व्यवस्था मिलाइनेछ ।

१९.गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षिका सुत्केरीहुदाँ सुत्केरी भत्ताको व्यवस्था गरिनेछ । गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरुलाई पोशाक भत्ताको व्यवस्था गरिनेछ ।

२०. विद्यालयहरुमा आकस्मिक उपचार प्रयोजनका लागि १ विद्यालय १ किट बक्स कार्यक्रम संचालन गरिनेछ ।

२१. गाउँपालिका भित्र सरकारी सेवा प्राप्त गर्ने व्यक्तिहरुले आफ्ना बालबालिकाहरुलाई अनिवार्य रुपमा सरकारी विद्यालयमा नै अध्यापन गराउनु पर्ने नीति लिइनेछ ।

२२. विद्यालय नक्साङ्कनका आधारमा विद्यालयहरुलाई समायोजन गर्ने सिकाइको स्तर र विद्यार्थि संख्या न्यून भएका विद्यालयवाट कक्षा घटाउने नीति अवलम्बन गरिनेछ ।

२३. विद्यालयका पुराना भौतिक संरचनाहरू सुधारहरू गर्दै नयाँ संरचनाहरू सबैको पहुँचयुक्त निर्माण गर्न पहल गरिनेछ ।संघ, प्रदेश र स्थानीय तहको समन्वय तथा लगानीमा आगामी ५ वर्ष भित्र जस्तापाता रहित विद्यालय भवन बनाइनेछ ।विद्यालयमा विद्यार्थिहरुको बसाई व्यवस्थापनमा सहजता ल्याउन आवश्यकताका आधारमा फर्निचर, शुद्ध खानेपानी र शौचालयको व्यवस्था गरिनेछ ।

२४. प्रत्येक वडामा युवा क्लब गठन गर्नका लागि आवश्यक कानूनी व्यवस्था सहित प्रक्रिया अगाडी बढाइनेछ ।युवाहरूमा सकारात्मक अभिवृत्ति विकासका लागि युवा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।

२५.महाबु युवा प्रोफाइल तयार गर्नका लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी समाज रूपान्तरणमा युवा परिचालन गरिनेछ ।

२६. राष्ट्रिय युवा नीति, २०७२ को भावना अनुरूप युवा विकासका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२७. "राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद"भन्ने भनाइलाई आत्मसाथ गरी महाबु गाउँपालिका भित्र संचालित आधारभूत तथा माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको सर्वाङ्गिण विकास गर्नका विभिन्न विधाका खेलकुदको आयोजना गरिनेछ । यसका लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता/अध्यक्ष कप प्रतियोगिताको आयोजना गरी विद्यार्थीको हरेक विद्यामा सहभागिताको दर बढाउन कार्यक्रम संचालन गरिनेछ ।

२८.युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवाहरुलाई **विदेश हैन बिजनेस** भन्ने भावना जागृत तुल्याई गाउँपालिकामा स्वरोजगार उन्मुख कार्यक्रम संचालन गरिनेछ ।

२९. संघीय सरकार, प्रदेश सरकार सँगको समन्वयमा पालिका स्तरिय राउटेबजारमा रहेको खेल मैदानलाई स्तरोन्नति गरिनेछ ।

## ख) स्वास्थ्य तथा पोषण सम्बन्धी नीति

१. स्वास्थ्य सेवालाई थप व्यवस्थित र नतिजामुखी बनाउन एकिकृत अनुगमन तथा सुपरिवेक्षण निर्देशिका जारी गरी नियमित रुपमा स्वास्थ्य सेवाप्रवाहलाई थप व्यवस्थित बनाईनेछ ।

२. पालिकका सम्पुर्ण स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईमा प्रत्येक महिनाको एक पटक मेडिकल अफिसर र ल्याबको सुविधा सहित स्वास्थ्य उपचारको ब्यवस्था मिलाइनेछ ।साथै सबै स्वास्थ्य चौकिमा क्रमश प्रयोगशाला स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।

३. एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रुपमा भईरहेको अभिलेख तथा प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित गरी सबै स्वास्थ्य संस्थाहरुलाई स्रोतयुक्त बनाई तथ्याङ्कको गुणस्तरियता कायम गरी सो तथ्याङ्कलाई आगामी दिनहरुमा तथ्यमा आधारित स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जूमा तथा कार्यक्रम बनाउन योग्य बनाउनका लागि आवश्यक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

४. गुणस्तरिय सुरक्षित मातृत्व सेवा, परिवार नियोजन, खोप, पोषण लगायतका सेवाहरुलाई थप व्यवस्थित, गुणस्तरिय र सेवाग्राहीमुखी बनाई गर्भका कारणले हुने जटिलता कम गरी मातृ तथा नवजात शिशु र बालवालिकाहरुमा हुने विरामीदर र मृत्यदरमा कमि ल्याईनेछ ।

५. मानसिक समस्याबाट हुने बिरामी दर र आत्महत्या कम गर्नका लागि मानसिक स्वास्थ्य शिक्षा, समस्या पहिचान र उपचारको व्यवस्था गरिनेछ ।

६. गुणस्तरीय परिवार नियोजन सेवाको सुनिश्चितता र सेवा प्रवाह गरी परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ताको दरमा वृद्धि गरिनेछ ।

७. मादक पदार्थ, सुर्तिजन्य पदार्थ र लागु पदार्थ दुर्व्यसनको प्रभावले मानव स्वास्थ्यमा पर्ने असर न्युनिकरण गर्नका लागि स्वच्छ जीवनशैली अपनाउनका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम कार्यान्वयन साथै सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन ऐन २०६८ को पुर्ण कार्यान्वयन गरिनेछ ।

८. गर्भ अवस्थामा हुने जटिलतालाई समयमै पत्ता लगाई सुरक्षित मातृत्व र नवजात शिशुहरुको स्वास्थ्य प्रवर्द्धन गर्नका लागि गर्भवती महिलाहरुका लागि ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप विस्तार गरी लागु गरिनेछ ।

९. स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड पुरा गर्नका लागि स्वास्थ्य संस्थामा आवश्यकता अनुसार भौतिक संरचना, औजार उपकरण तथा औषधि र कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।

१०. स्वास्थ्य सेवा प्रदायकहरुको मनोबल उच्च राख्नका लागि कार्य सम्पादनका आधारमा पृष्ठपोषण, दण्ड तथा पुरस्कारको व्यवस्था गरी स्वास्थ्यकर्मीहरुको क्षमता बिकास र मनोबल वृद्धि गर्न सहयोग गरिनेछ ।बर्थिङ्ग सेन्टरमा कार्यरत अनमि र स्टाफ नर्सका लागि SBA र ईम्प्लान्ट तालिमको ब्यवस्था गरिनेछ ।

११.महिला स्वयंसेविकाहरुले समुदायमा गर्नुभएको कार्यको मुल्याङ्कन गर्दै प्रोत्साहन गरिनेछ ।

१२.नेपाल रेडक्रस सोसाइटी र पालिकाको साझेदारीमा मोतिविन्दु निशुल्क शिविर सञ्चालन गरिनेछ ।

१३. गाउँ घर क्लीनिक वाट गरिने सेवा प्रवाहलाई प्रभावकारी रुपमा सञ्चालन गर्न भौगोलिक विकटता भएका ठाउँहरुमा गाउँ घर क्लीनिक भवन तथा खोप केन्द्रहरु निर्माण तथा व्यवस्थापन गरिनेछ ।

१४. ८० वर्ष माथिका ज्येष्ठ नागरिक, गर्भवती महिला, सडक दुर्घटनामा परेका ब्यक्ति,अपाङ्गता भएका ब्यक्ति र असहाय नागरिकका लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

१५. भौगोलिक विकटता र नागरिकको आवश्यकताको महसुस गर्दै महाबु ५ गोर्तीमा काँशिकाँध स्वास्थ्य चौकीको जनशक्तिलाई परिचालन गरी सामुदायिक स्वास्थ्य इकाई सञ्चालनमा ल्याइनेछ ।

१६. आधारभूत स्वास्थ्य सेवा जनताको मौलिक अधिकार भएकाले विभिन्न उपचारात्मक, प्रर्वद्धनात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक तथा प्राथमिक स्याहारका कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१७. निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी सम्भावित जटिल रोगको समेत पहिचान र निदानमा सहयोग पुऱ्याइनेछ।पालिकामा ज्येष्ठ नागरिक स्वास्थ्य शिविर कार्यक्रमलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१८. प्रत्येक वडामा रहेका स्वास्थ्य संस्था मार्फत सुरक्षित मातृत्व वाल पोषण खोप जस्ता कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

१९. महाबु अस्पतालवाट २४ सै घण्टा आकस्मिक सेवा प्रदान गर्न थप व्यवस्थित बनाइनेछ ।

२०. वाल मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवति उत्प्रेरणा सेवा, न्यानो झोला,रक्त सञ्चार निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२१.मापदण्ड अनुसार स्वास्थ्य चौकी र सामुदायिक इकाईका भवन निर्माण गरी स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुमा स्तनपान कक्ष निर्माण गरिनेछ ।

२२. जन्मपूर्व तयारी तथा मातृ सुरक्षा चक्की सम्बन्धी स्वास्थ्यकर्मी र स्वयमसेवीकालाई तालिमको ब्यवस्था गरिनेछ ।

२३. समुदाय स्तरमा वाल तथा मातृ नवजातशिशु सुदृढिकरणका लागि आमा समूह महिला स्वास्थ्य स्वयम सेविका परिचालन कार्यक्रम संचालन गरिनेछ ।

२४. स्वास्थ्य संस्थामा विद्यमान स्वास्थ्यकर्मी तथा नर्सिङ्ग कर्मचारीहरुलाई परिचालन गरी सामुदायिक विद्यालयमा अध्ययनरत शिक्षक र विद्यार्थिहरु लाई स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गरिनेछ ।

२५. परम्परागत खाद्य बस्तुमा आधारित पोषणयुक्त आहारहरुको तयारी सूचना स्थानीय रेडियो तथा होडिङ् बोर्ड मार्फत सम्प्रेषण गरिनेछ ।

२६. बालपोषण भत्ताको उपयोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

२७.प्रत्येक वडा कार्यालय र स्वास्थ्य संस्थामा पोषण कर्नरको स्थापना गरिनेछ ।

२८. पोषणयुक्त रैथाने खाद्यबस्तु र परिकार प्रर्दशन गर्ने र उत्कृष्ट समूह सहकारीलाई पुरस्कार दिने व्यवस्था मिलाईनेछ ।पोषणमैत्री टोल र वडा निर्माण कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

२९. अभिभावक र शिक्षकसँग पोषण सम्बन्धी अन्तरक्रिया कार्यक्रम तथा १० देखि १९ वर्ष उमेर समूहका किशोरीहरुलाई महिनावारी स्वच्छता सम्बन्धी अभिमुखिकरण कार्यक्रम साथै आइरनचक्की र जुकाको औषधि खुवाउने व्यवस्था मिलाइनेछ ।

३०. पोषण सुधारकालागि रैथानेवाली प्रर्वद्धनका लागि अभिमुखिकरण तथा घरबाट निस्कने फोहोरपानीको उचित सदुपयोग गर्नका लागि किसानलाई करेसावारी निर्माण, तरकारी उत्पादन र कृषि सामग्रीमा अनुदानको व्यवस्था गरिनेछ ।

३१.पालिकामा पोषण सुधारका लागि विपन्न समूहका महिला समूह वा सहकारीहरुका विपन्न सदस्यहरुको आय आर्जन सुधार गर्न अनुदानको ब्यवस्थालाई निरन्तरता दिइनेछ ।

## ग) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति

१. यस गाउँपालिकाको खानेपानी रणनीति, २०७७-२०८७ र खानेपानी, सरसफाई तथा स्वच्छता योजना, २०८१ कार्यान्वयनका लागि N-WASH MIS को प्राथामिकरण सूचीलाई आधारमानि जलवायु उत्थान्शील समाबेशी खानेपानी योजना तर्जुमा र बजेट बिनियोजन गरी **"एक घर एक धारा"** निर्माण गर्ने नीतिलाई निरन्तरता दिई **"स्वच्छ पिउने पानी स्वस्थ जीवन"** भन्ने मूल नारालाई साकार गरिनेछ। सामुदायिक विद्यालय र स्वास्थ्य संस्थाहरुमा स्वच्छ खानेपानीको पहुँच विस्तार गर्दै लगिनेछ ।

२.यस पालिकाका सम्पूर्ण वडाहरुमा बसोबास गर्ने नागरिकहरुलाई नेपाल सरकारको राष्ट्रिय खानेपानीको गुणस्तर मापदण्ड अनुसारको स्वच्छ र गुणस्तरीय खानेपानी सेवा प्रदान गर्न पालिका स्तरीय खानेपानी गुणस्तर परिक्षण प्रयोगशालाको क्षमता र कार्यसम्पादन अभिवृद्धि

गरिने छ । आयोजनाहरुमा खानेपानीको गुणस्तर परिक्षण योजना बनाइ नियमितरुपमा परीक्षण गरि NWASH-MIS मा अद्यावधिक गरिनेछ।

३.जलवायु परिवर्तनका कारणले भविष्यमा खानेपानीमा पर्न सक्ने असरलाई मध्यनजर राखी खानेपानी योजनाको स्तरोन्नती, पुनर्निर्माण वा निर्माण गर्दा पानीको मुहानको क्षमता हेरी सकेसम्म उच्चस्तरको खानेपानी सुविधा स्तर उपलब्ध गराउने र जलवायु परिवर्तनको असर र अनुकुलनका उपायहरु अवलम्बन गरी योजना तर्जुमा गरिनेछ। खानेपानीका मुहान संरक्षणका लागि आवश्यक योजना तर्जुमा तथा बजेट बिनियोजन गरिने छ ।

४.खानेपानीको सेवास्तर वृद्धि गर्दा समाबेशी, लैंगिक समानता, अपांगता भएका व्यक्तिहरुको आबश्यकता र जलवायु उत्थानशील खानेपानीको सेवास्तर वृद्धि गर्न हाल पालिका स्तरमा सम्पन्न भएका समुदायमा आधारित **नमुना** खानेपानी ब्यबस्थापन मोडेललाई क्रमशः वडा र पालिका स्तरमा बिस्तार एबम एकीकृत गरिनेछ।

५.विभिन्न समयमा निर्माण भै हाल संचालनमा रहेका, सामान्य मर्मत सम्भार गरिनु पर्ने खानेपानी योजनाहरुका उपभोक्ता समिति तथा सेवा प्रदायकहरुलाई सम्बन्धित वडा वा पालिका स्तरमा सूचिकृत गर्ने र जलवायु उत्थान्शील खानेपानी सुरक्षा योजना तयार गर्न क्षमता अभिवृद्धि गरिनेछ।

६.गाउँपालिका, वडा तथा टोल स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिलाई अभिमुखीकरण गरी खानेपानी योजनाको दिगो संचालन, सम्भार तथा मर्मत गर्न गाउँपालिकाको खानेपानी प्रमाणिकरण कार्यबिधि लागु गरिनेछ र सो अनुसार अनुगमन तथा नियमन प्रणालीको प्रभावकारी रुपमा लागु गरिनेछ ।

७.घरायसी स्तरमा खानेपानीको शुद्धिकरण तथा स्वच्छता सम्बन्धी व्यवहार परिवर्तनका लागि महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि र परिचालन गर्ने र हरेक घरमा खानेपानी फिल्टर प्रयोगका लागि प्रोत्साहन गरिनेछ।साथै फिल्टरको महत्त्व, प्रयोग गर्ने तरिका, मर्मत गर्ने तरिका आदि बारेमा समुदायमा जनचेतनामुलक क्रियाकलापहरुका लागि बजेट बिनियोजन गरिनेछ ।

८.गाउँपालिकालाई पूर्णसरसफाई उन्मुख बनाउन सार्बजनिक स्थल, विद्यालयहरूमा खानेपानी तथा सरसफाई र वातावरणीय स्वच्छता लगाएतका विविध कार्यक्रम सञ्चालन गरिनेछ।

९. पानी स्रोतको संरक्षण गरी खानेपानी आपूर्तिको दिगो व्यवस्थापन गर्न खानेपानीका आयोजना निर्माण गर्दा मुहानमा सिमेन्ट र कंक्रिटको प्रयोग नगर्ने नीति ल्याइनेछ ।

१०. वातावरणीय सरसफाइ तथा स्वच्छताका लागि दलित विपन्न तथा पिछडिएको टोल बस्तीहरुमा आवश्यक तालिम तथा परामर्श दिइ विविध अत्यावश्यक संरचनाहरु जस्तै जुठ्यान, चाङ्ग, फोहोरमैला ब्यवस्थापन गर्ने खाल्डो निर्माण गर्न आवश्यक सहयोग तथा सहजिकरण गरिनेछ ।

११. महाबु गाउँपालिकाका ६ वटै वडाका विभिन्न टोल वस्तिलाई आवश्यक मापदण्ड पुरा गरी क्रमश **पूर्ण सरसफाइ उन्मुख टोल** घोषणा गरिनेछ ।

१२. समावेशी र जलवायु उत्थान्शील खानेपानी परियोजना बनाउन जोड दिइने र यस्ता किसिमका परियोजना बनाउन बहु—सरोकारवालाहरूसँग सहकार्य गरिनेछ ।राष्ट्रिय सरसफाई र स्वच्छता व्यवहार परिवर्तन अभियान पालिकाको अगुवाईमा संचालन हुनेछ त्यसका लागि सहयोगी संस्थाहरुसँग सहकार्य गर्ने नीति लिइनेछ ।

१३. फोहोरव्यवस्थापन अन्तर्गत प्लाष्टिक झोलाको प्रयोगमा कमी ल्याउन अन्य विकल्पहरुको खोजी गरिनेछ ।

## घ) लैंगिक समता तथा सामाजिक समावेशीकरण र सामाजिक सुरक्षा सम्बन्धी नीतिहरु

१. अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारलाई संरक्षण तथा सम्बर्द्धन गर्नका लागि अपाङ्गता परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ र यस कार्यलाई न्यायोचित बनाउनका लागि विगतमा जिल्लाबाट वितरण भएका अपांगता परिचयपत्रहरुलाई संसोधन तथा नविकरणको व्यवस्था गरिनेछ।

२. बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि आवश्यक पर्ने न्युनतम मापदण्डहरु पुरा गर्नका लागि विभिन्न कियाकलाप संचालन गरिनेछ।

३. ज्येष्ठ नागरिकको ज्ञान, छलफल, सिप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण र अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ। ज्येष्ठ नागरिक अन्तर जिल्ला धार्मिक भ्रमण कार्यक्रम संचालन गरिनेछ ।

४. बालविवाह अन्त्य गर्नका लागि बालविवाह विरुद्धको पञ्चवर्षिय रणनीतिक योजना तर्जुमा गरी बालविवाह अन्त्य गर्न साझेदार तथा सहयोगी निकायहरुसँग समन्वय र सहकार्य गरिने छ।

५. विभिन्न दिवसीय कार्यक्रम मार्फत समाजमा व्याप्त लैङ्गिक हिंसा, सामाजिक कुरीति र कु-प्रथा बिरुद्ध जनचेतनामूलक अभियान संचालन गरिने छ।

६. विभिन्न लक्षित वर्गहरु दलित, जनजाती, महिला, अपाङ्गता, विपन्न समुदायका लागि लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षाहरु सञ्चालन गरिनेछ ।

७. महाबु गाउँपालिकाको भौगोलिक विकटता र यातायातको असुविधाका कारण ज्येष्ठ नागरिक असहाय अपाङ्ग भएका ब्यक्तिलाई सरल र सहज रुपमा सामाजिक सुरक्षा भत्तालाई सम्बन्धित वडा कार्यालयवाट त्रैमासिक रुपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८. आर्थिक सामाजिक रुपमा पछाडि पारिएको वर्गहरुका लागि सिप मुलक तालिम संञ्चालन गरी आय आर्जनमा प्रोत्साहन गर्न "**उपाध्यक्ष संग लक्षित वर्ग कार्यक्रम**" संचालन गरिनेछ ।

९. बाल अधिकार, बालश्रम, बालविवाह, लैङ्गिक हिंसा तथा मानव वेचविखन, सामाजिक विकृति विसङ्गति, लागु औषत दुर्व्यसनि, अन्धविश्वास तथा कमजोर आत्मवलका विरुद्ध समुदायस्तरमा सचेतनाका लागि "**उपाध्यक्ष बालबालिका, किशोर, किशोरी कार्यक्रम**" संचालन गरिनेछ । बालविवाह, बहुविवाह गर्ने गराउने परिवारलाई वडा देखि पालिकाबाट प्रदान गरिने सेवा सुविधाहरु रोक्का गर्ने नीति लगिनेछ ।

१०. पालिकामा रहेका ८० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिक र शहीद तथा वेपत्ता भएका ब्यक्तिका परिवारलाई सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११.आगामी दिनमा सरकारी सेवा प्रदायक कार्यालय निर्माण गर्दा अपाङ्गमैत्री वालमैत्री भवन निर्माण गरिनेछ ।सार्वजनिक स्थलमा शौचालय निर्माण गर्दा महिलामैत्री र अपाङ्गमैत्री बनाइनेछ ।

१२. **"गरौ वालवालिकामा लगानी ल्याउँछ सुनौलो विहानी"** भन्ने मुल नारालाई आत्मसाथ गर्दै पालिकास्तरमा वाल सञ्जाल र विद्यालयहरुमा वाल क्लवहरु गठन गरी वालमैत्री पालिका घोषणाका लागि आधारहरु निर्माण गरिनेछ ।

१३. जातिय विभेद तथा छुवाछुत अन्त्यका लागि जनचेतनामूलक कार्यक्रम अभियानका रुपमा संचालन गरिनेछ ।

१४. महिला, दलित,जनजाति र पछाडि पारिएको वर्ग र समुदायका ब्यक्तिहरुलाई लक्षित गरी बहुक्षेत्रीय पोषण कार्यक्रम र गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम संचालन गरिनेछ ।

१५. ऐतिहासिक काल देखि दलित तथा शिल्पि समुदायको जीवन निर्वाहका लागि अपनाइ आएका परम्परागत पेशा ब्यवसायलाई घरेलु उद्योगको रुपमा विकास गर्न आवश्यक सामाग्री उपलब्ध गराइनेछ ।

१६. अपाङ्गता सहायता कक्ष र बाल हेल्पलाइन सहायता कक्षको निर्माण र अपाङ्गता संजालको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

१७. लैङ्गिक समानता तथा महिला सशक्तिकरणका लागि महिलाको नेतृत्व विकासलाई बढावा दिइनेछ र नीति निर्माणमा महिलाहरुको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व सुनिश्चितता गरिनेछ ।

१८. पोषण सुधारका सुत्केरी आमाहरुलाई लागि उपाध्यक्ष पोषण कोशेली कार्यक्रम संचालन गरिनेछ ।

१९.द्वन्दकालमा शहिद तथा वेपत्ता भएका व्यक्तिहरुको सम्झनामा पालिका स्तरीय शहिद गेट बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

**<u>पूर्वाधार विकासक्षेत्र तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।</u>**

**क) बस्ती विकास, भवन तथा आवास**

१. भवन अभिलेखिकरण कार्यविधि तयार गरी गाउँपालिका क्षेत्रमा भएका पक्की र कच्ची सबै घर अभिलेखीकरण गरिनेछ । मापदण्ड अनुसार नयाँ बन्ने घर लगायतका संरचनाको नक्सा पास र दर्ता गरी अभिलेखीकृत गर्ने नीति लिईनेछ।

२. पूर्वाधार निर्माण गर्दा महिला, ज्येष्ठनागरिक, वालवालिका, असक्त अपाङ्गमैत्री साथै वातावरणमैत्री हुने गरी निर्माण गरिनेछ ।

३. भुकम्प प्रतिरोधी भवन निर्माणका लागि आवश्यक सिकर्मी डकर्मी जस्ता दक्ष जनशक्ति तयार गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको समन्वयमा उपयुक्त तालिमको व्यवस्था गरिनेछ ।
४. गाउँपालिका भित्रका सार्वजनिक भवनहरुको अभिलेख अद्यावधिक गर्ने र मर्मत संभार तथा व्यवस्थापन गर्ने कार्य सञ्चालन गरिनेछ ।
५. आफ्नै वडा कार्यालयको प्रशासनीक भवन नभएका वडा नं ४ र ६ को वडा कार्यालय भवन निर्माण गरिनेछ ।
६. चालु आर्थिक बर्षमा निर्माणाधिन रहेका क्रमागत आयोजनाहरुलाई आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।
७. **गाउँपालिकाको आफ्नै सुविधा सम्पन्न प्रशासकीय भवनका लागि जग्गा प्राप्ति, आयोजनाको विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रक्रिया सम्पन्न गरी भवन निर्माणका लागि शहरी विकास मन्त्रालयसँग आवश्यक वजेट माग गरिनेछ ।**
८. **"विश्वासिलो स्थानीय पूर्वाधार; दिगो विकासको मजबुत आधार"** भन्ने लक्ष्य सहित महाबु गाउँपालिकालाई जिल्ला कै नमुना पालिकाको रुपमा विकास गर्न संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा विस्तृत अध्ययन अनुसन्धान गरी व्यबस्थित तथा नमुना वस्ती विकासको अबधारणा अवलम्बन गर्ने नीति लिइनेछ ।

**ख) सडक पुल तथा यायायात व्यवस्था सम्बन्धी नीतिहरु**

१. गाउँपालिकाको सडक गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
२. गाउँपालिकाको केन्द्र र सबै वडाको केन्द्रमा बाह्रै महिना सवारी साधन सञ्चालन हुने गरी सडक निर्माण तथा स्तरबृद्धिका लागि विभिन्न विकास साझेदार संस्था एवम् संघीय र प्रदेश सरकारसँगको समन्वयमा आवश्यक पहल गरिनेछ । साथै सडकको दायाँ बायाँ वृक्षारोपण गर्ने कार्यलाई अगाडी बढाई **"एक घर,तिन रुख"** को अबधारणा ल्याई वृक्षारोपण गर्ने कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।
३. महाबु गाउँपालिका अन्तर्गतका आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरी लागत साझेदारीमा निमार्ण कार्य अगाडी बढाइनेछ ।
४. महाबु गाउँपालिका अन्तर्गतका निर्माणाधिन अवस्थामा रहेका ताराघाट खोला पुल, बाँसी गिताचौर जोड्ने पुल, काप्रिखोला काशिकाँध जोड्ने रबाद खोला पुल र खरिद प्रक्रियामा रहेको महाबु गाउँपालिका वडा नं २ र भैरबी गाउँपालिका जोड्ने छामघाट खोला पुललाई तोकिएको म्याद भित्रै सम्पन्न गर्न सम्बन्धित निकायमा खबरदारी गरिनेछ । साथै वडा नं ६ स्थित टाकुरी खोलामा मोटरेबल पुल निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ।
५. ताराघाट खरिगैरा गैडाबाज घोडामर्चे एकपाटे टाकुरी काँशिकाँध सडक, जलजले बाँसी गिताचौर काँशिकाँधहुदै कालिकोट जोड्ने सडक, दोबाटो २ नं वडा कार्यालय मान्म खरिगैरा सडक, ३ नं

वडा कार्यालय गैडाबाज सडक, गैडाबाज काप्रिखोला फागु काँशिकाँध गोर्ति सडक, बालिसरा बडाखोला ऐराडी तिपेडी बाँसी सडक (स्व लछुमन गुरुङ्ग मार्ग), सेरा ताराघाट खरिगैरा दबाडा सडक, कुटिडाँडा सिमलडाँडा रानीवन सडकको स्तरोन्नति र कालोपत्रेका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।

६. टोल विकास संस्था तथा स्थानीय समुदायको सहभागितामा सडक अधिकार क्षेत्रको अतिक्रमण हटाइ सडक सुरक्षा गरी आवतजावत सुचारु गरिनेछ ।
७. पालिका भित्र निर्माण हुने सडकहरुमा यदि ह्याभी इक्यूमेन्ट प्रयोग गर्नुपर्ने भएमा अनिवार्य रुपमा वोलपत्रको माध्यमवाट निर्माण गर्ने ब्यवस्था गरिनेछ ।
८. उपभोक्ता समिति आफैले स्थानीय रुपमा रोजगारी सिर्जना गर्ने गरी कार्य गर्न सम्झौता गरेका योजना अन्य कुनै ब्यक्ति निर्माण ब्यवसायी मार्फत गराएको पाइएमा कार्यालयले कुनै पनि समयमा सम्झौता भङ्ग गर्न सक्ने नीति अवलम्बन गरिनेछ ।
९. पालिका भित्र रहेका सम्पूर्ण सडकहरुमा आवतजावत सहज बनाउन मर्मत सम्भार कोषलाई निरन्तरता दिइनेछ ।
१०. गाउँपालिका भित्रका कुनै पनि सडकको स्तरोन्नति गर्दा कम्तिमा कच्ची नाली अनिवार्य गरिनेछ ।कच्ची नाली निर्माण नगरी सडक निर्माण गर्ने अनूमति दिइनेछैन ।
११. गाउँपालिका भित्रका मुख्य सडकहरु मर्मतसम्भार गर्न सडक मर्मत कार्यकर्ताको ब्यवस्था गरिनेछ ।
१२. कुनै सडकको स्तरोन्नति वा नयाँ सडकको निर्माण सम्पन्न गर्दा सडकको क्षेत्राधिकार भित्र रहि गाउँपालिका वा वडा समितिको सहमतिमा कायम गर्न पर्ने चौडाइको एकिन गरेर मात्र सडकको सर्वे र लागत अनुमान तयार गरिनेछ ।
१३. महाबु गाउँपालिकामा सम्सेली गैरा बालटारबारी धाम्मा सडक, उत्तिसेनी टाकुरी जौखोरिया काशिकाध जोड्ने सडक,मान्म मानपुर सडक महाबु २, लामिडाडा गुर्जेनी तिनदोभान उत्तिसेनी सडक महाबु ६, महाबु १ भाब्र रातापानी हुदै नारायण नगरपालिका जोड्ने सडक, ५ नं वडा कार्यालय देखि गडीगाउँ भैरबी जोड्ने अन्तरपालिका सडक, मान्म राज्म इर्फि बासि लगायत सडक सञ्जालमा नजोडिएका बस्तिहरुलाई सडक सञ्जालमा जोड्न र स्तरोन्नति गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ ।

## ग) जलस्रोत, विद्युत तथा बैकल्पिक उर्जा

१. नेपाल विद्युत प्राधिकरणको सहयोगमा पालिकाका सम्पूर्ण वडाहरुमा विद्युत पहुँचको विस्तार गरी **महाबु उज्यालो कार्यक्रम** कार्यान्वयन गरिनेछ ।संघीय सरकार र प्रदेश सरकारसँगको समन्वयमा आगामी आर्थिक वर्ष भित्र गाउँपालिकाका करिब ९० प्रतिशत घरधुरी लाभान्वित हुनेगरी विद्युतिकरण कार्य सम्पन्न गरिनेछ ।

२. महाबु गाउँपालिकामा रहेको बैकल्पिक उर्जा र लघु जलविद्युत आयोजनाहरुलाई व्यवस्थित र विस्तार गर्दै लगिनेछ ।

३. महाबु गाउँपालिकाको वजार क्षेत्रमा सडकवत्तिको ब्यवस्था गरिनेछ ।

**घ) सूचना, संचार तथा प्रविधि**

मोवाइलको नेटवर्कको समस्या भएको ठाउँमा नेपाल टेलिकमको टावर विस्तार गर्नका लागि आवश्यक पहल गरिनेछ । गाउँपालिकामा नेपाल टेलिकमको अप्टिकल फाइबर विस्तारका लागि आवश्यक पहल गरिनेछ ।

१. सवै सामुदायिक आधारभूत विद्यालयहरुमा व्रोड ब्याण्ड इन्टरनेटको पहुँच पु¥याउन नेपाल दुरसंचार प्राधिकरणसँग समन्वय गरिनेछ ।

२. विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको सहयोगमा सूचना प्रविधिमा आधारित सार्वजानिक सेवा तथा ज्ञानमा आधारित उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ ।

३. विद्युतीय सेवालाई आवश्यक पर्ने सूचना प्रविधि पुर्वाधारहरुको विकास गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

**<u>वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।</u>**

१. सबै सामुदायिक वनहरुलाई गाउँपालिकामा अभिलेखिकरणको व्यवस्था गरिनेछ ।सामुदायिक ग्रामिण तथा शहरी धार्मिक कबुलियति बनको संरक्षण र सम्बर्द्धन उपयोग गरिनेछ ।

२. **एक ब्यक्ति एक विरुवा कार्यक्रमको** अभियानलाई हरेक घर, सार्वजनिक निकाय वा स्थानहरुमा वृक्षारोपण गर्न जनप्रतिनिधि र कर्मचारीवाट सुरु गर्दै समुदाय स्तरमा विस्तार गर्न पहल गरिनेछ ।सार्वजनिक खालि जग्गा, सडक किनार र खोलाको किनारमा वृक्षारोपण गर्ने ब्यवस्था मिलाइनेछ ।सामुदायिक वनमा नर्सरी स्थापना गर्न पहल गरिनेछ ।

३. बन्यजन्तु संरक्षणका लागि चोरी शिकारी, आगलागि र डढेलो नियन्त्रण गर्न बन शिक्षा सचेतना कार्यक्रम जोड दिइनेछ ।

४. विकास योजना संचालन गर्दा साना योजनाहरुमा प्रारम्भिक वातावरणीय मूल्यांकन (IEA) र ठूला योजनाहरुमा वातावरणीय प्रभाव मूल्यांकन (EIA) गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ ।

५. विपद्को समयमा उद्दार गर्न हरेक वडामा एक तालिम प्राप्त विपद् उद्दार समूह गठन गरिनेछ । उक्त समूहलाई विपदमा उद्दार गर्न आवश्यक सामाग्री समेत उपलब्ध गराउनुका साथै विपदमा परेका व्यक्तिहरुलाई तत्कालिन र अल्पकालिन व्यवस्थापन गर्नको लागि यस आर्थिक वर्षमा पनि प्रकोप व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ ।

६. गाउँपालिकामा गठन भएका विपद् व्यवस्थापन समितिहरु, निजी शैक्षिक सस्थाहरु र समूह समितिहरुको विपद् जोखिम व्यवस्थापनमा भईरहेका प्रयासहरु र भाबी दिनमा गर्नुपर्ने कार्यका

बारेमा गाउँपालिका स्तरमा नियमित छलफल गर्नुका साथै विषयगत समितिहरुलाई जिम्मेवार बनाईनेछ ।

७. महाबु गाउँपालिकाका ६ वटै वडाका विपद् व्यवस्थापन समितिलाई आपतकालिन उद्धारको तालिम दिइनेछ । वडाहरुमा प्रकोपका घटनाहरुको अभिलेखिकरण राख्ने व्यवस्था मिलाइनेछ । सबै वडाहरुमा आपतकालिन उद्दार सामाग्रीको व्यवस्थापन गरिनेछ ।

८. पानीका मुहानहरुको संरक्षणमा जोड दिने र पहिरो जानबाट रोक्न उच्च सतर्कता अपनाउन वायोइन्जिनियरिङ्गको अवधारणा कार्यान्वयनमा जोड दिइनेछ ।

९. विपद् पोर्टललाई अद्यावधिक र व्यवस्थित गरी प्रयोगमा ल्याउन जोड दिइनेछ ।

१०. महाबु गाउँपलिकामा चट्याङ् को जोखिमलाई न्यूनीकरण गर्न सिकाई परियोजना/ IOM को सहयोगमा सम्भाव्यता अध्ययनको कार्य गरिनेछ ।

११. गाउँपालिकाभित्र दैविक प्रकोप पूर्व तयारी र विपद प्रतिकार्य योजनाका लागि सुरक्षा निकायसँगको सहकार्यमा युवाहरुलाई तालिमको ब्यवस्था गरिनेछ ।स्थानीय आपतकालिन सेवाकेन्द्रको क्षमता विकास गरी विपदको सूचना प्राप्त गर्ने पद्धति सूचारु गरिनेछ ।

१२. बाढिपहिरो, आगलागी, चट्याङ्ग लगायतका विपदजन्य घटनाहरुको पूर्व तयारी, पूर्व कार्य, आकस्मिक प्रतिकार्ययोजनाका साथै सो सम्बन्धमा विभिन्न साझेदार संस्थाहरुको सहयोगमा तालिम तथा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

**संस्थागत विकास तथा सुशासन क्षेत्र तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**क) नीति, कानून तथा सुशासन**

१. **सेवा प्रदायको मुस्कान सहितको सेवा सेवाग्राहीलाई पुग्छ भरपुर टेवा** भन्ने भावानालाई आत्मसाथ गर्दै सवै प्रकारका समुदाय तह र क्षमता भएका ब्यक्तिहरुलाई कुनै विभेद नगरी सेवा प्रवाह गरिनेछ ।

२. शुन्य बेरूजु गाउँपालिका बनाउने कार्यलाई निरन्तरता दिइनेछ साथै बेरुजु असुल तथा फछ्यौट गर्ने गराउने कार्यमा संलग्न जिम्मेवार कर्मचारी तथा पदाधिकारीलाई आवश्यक प्रोत्साहनको व्यवस्था गरिनेछ ।

३. पदाधिकारी तथा कर्मचारीलाई आर्थिक अनुशासन तथा आर्थिक पारर्दशिता विषयक तालिम संचालन गरिनेछ साथै बेरुजु फछ्यौट अभियान संचालन गरिने छ ।

४. पुराना तथा प्रयोग हुन नसक्ने जिन्सी सामाग्रीहरुको प्रचलित कानून बमोजिम लिलाम विक्री गर्न आवश्यक प्रक्रिया अगाडि बढाईने छ ।

५. गाउँपालिकाको सेवा मापदण्ड तर्जुमा गरी पालिकाबाट प्रवाह गरिने सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउन नीति, कानून, सुशासन तथा न्याय प्रवर्द्धन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै लगिने छ ।

६. नागरिक वडापत्र, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिक सन्तुष्टि सर्वेक्षणबाट प्राप्त सुझावलाई सेवा प्रवाह सुधारको सूचकको रुपमा विकास गरिनेछ ।

७. नागरिक सेवा प्रवाहलाई छिटो छरितो र चुस्त बनाउनको लागि अनलाईन सिफारिस प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गरिने छ ।

८. Data backup का लागि सूचना प्रविधि विभागको सहयोग र समन्वयमा Data center को स्थापना गरिनेछ।

९. सेवा प्रवाहमा सुशासन कायम गरी भ्रष्टाचारमुक्त गाउँपालिकाको खाका तयार गरिनेछ ।

१०. विद्युतिय हाजिरी, विद्युतिय नागरिक बडापत्र, मोवाइल एस एम एस प्रणाली, एल ई डि डिस्प्ले र उच्च क्षमताको इन्टरनेट जडान गरी सूचनामैत्री गाउँपालिका निर्माणमा जोड दिइनेछ ।

११. गाउँपालिकावाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुन सक्ने भ्रष्टाचार अपारदर्शिता तथा ढिलासुस्तिमा शुन्य सहनसिलताको नीति अख्तियार गरिनेछ ।सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरुमा गाउँपालिकाको तर्फवाट सुझाव पेटिकाहरु राखिनेछ ।

१२. न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

१३. न्यायिक समितिका पदाधिकारी, कर्मचारीहरु र मेलमिलाप कर्ताहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

१४. मानवअधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

१५. संघीय सरकार प्रदेश सरकार र अन्य स्थानीय तहसँग आपसी सहकार्य समन्वयका लागि अन्तर समन्वय तथा सहकार्यको नीति अवलम्बन गरिनेछ ।

१६. गाउँपालिकाको कार्यालयमा सेवाग्राहीको सहजताका लागि **नागरिक सहायता कक्ष (Help Desk)** स्थापना गरी सेवा प्रवाहलाई थप व्यवस्थित गरिनेछ ।

१७. महाबु गाउँपालिका नीति योजना तथा कार्यक्रमलाई नियम संगत र प्रभावकारीरुपमा कार्यान्वयन गर्न आवश्यक ऐन, नियम, कार्यविधि, मापदण्ड र निर्देशिकाहरु बनाई कार्यान्वयमा ल्याइनेछ ।साथै विद्यमान ऐन, नियम, कार्यविधि, मापदण्ड र निर्देशिकाहरुलाई समय अनुकल परिमार्जन गरिनेछ ।

१८. दैलेख जिल्लाका ११ वटै स्थानीय तहका जनप्रतिनिधि, जिल्ला समन्वय प्रमुख र कार्यालय प्रमुखहरु तथा कर्मचारीहरु वीच सिकाइ आदान प्रदान कार्यक्रम संचालन गरिनेछ ।

१९. पालिकामा प्रवाह गरिने सेवा प्रवाह, दैनिक प्रशासनिक कामकाज र विकास निर्माणको सन्दर्भमा जवाहदेहिता पारदर्शिता कायम गराउन त्रैमासिक रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र नागरिक सन्तुष्टि सर्वेक्षण गरिनेछ ।

२०. **जनताको वरिपरि सेवा घुम्नु पर्छ नकि सेवाको वरिपरि** भन्ने मूल मान्यतालाई स्थापित गर्न योजना सम्झौता, ज्येष्ठ नागरिक परिचय पत्र, अपाङ्ग परिचय पत्र लगायतका सेवा वडा स्तरमा नै प्रवाह गर्नका लागि घुम्ति शिविर संचालन गरिनेछ ।

२१. महाबु गाउँपालिका स्वर्गिय अध्यक्ष लछुमन गुरुङ्गको स्वर्गाहरोहण भएको दिन माघ २७ गते पालिकाले सम्झना स्वरुप ज्येष्ठ नागरिक सम्मान कार्यक्रम आयोजना गर्ने व्यवस्था मिलाईनेछ ।

२२. यस गाउँपालिकाको उपयुक्त स्थानहरुमा सेवा केन्द्र संचालनमा ल्याई कृषि तथा पशु सेवाको सेवा प्रवाहको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

### ख) संगठन, मानव संसाधन र क्षमता विकास

१. महाबु गाउँपालिकाको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गर्दै संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ।कर्मचारीहरुको कामको मुल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । साथै जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास र वृत्ति विकासलाई व्यवस्थित गर्न गाउँपालिकाको क्षमता विकास योजना निर्माण गरिनेछ ।

२. गाउँपालिकाको संस्थागत क्षमता विकास गर्न जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि अभिमुखिकरण तालिम गोष्ठी अध्ययन भ्रमण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

३. कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि निर्माण गरिनेछ । कार्यालयमा अत्यधिक चापको समयमा अतिरिक्त काम गरेमा कार्यसम्पादन सूचकका आधारमा ५० प्रतिशत सम्म प्रोत्साहन भत्ताको ब्यवस्था गरिनेछ ।

४. सेवा करार तर्फ सहायक स्तरमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक श्रेणी विहिन कर्मचारीहरुको भन्दा न्यून रहेको हुदाँ पारिश्रमिक समायोजन गरी कर्मचारीहरुको मनोवन उच्च बनाइनेछ ।

### ग) राजश्व तथा राजश्व परिचालन

१. गाउँपालिकाको राजश्व परामर्श समितिको अध्ययन प्रतिवेदन र गाउँपालिकाको राजश्व सुधार कार्ययोजनालाई आधारमानि गाउँपालिकाको राजश्वको दर र दायरालाई फराकिलो बनाउँदै कार्यान्वयन गरिनेछ ।

२. करका दर सम्भव भए सम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ ।प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु वीच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ ।

३. राजश्व कर प्रशासनलाई सूचना प्रविधिमैत्रि बनाउन नेपाल सरकारले निर्माण गरेको सुत्र सफ्टवेयरमा आवद्ध गरिनेछ ।
४. करदातालाई कर तिर्ने बानी बसाल्न तथा प्रोत्साहन गर्न करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
५. एकिकृत सम्पत्ति करलाई थप ब्यवस्थित बनाउन करदाताहरुको अभिलेख ब्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई सम्मान गर्ने नीति लिइनेछ ।
६. वडा कार्यालयहरुसँग समन्वय गरी ब्यवसायकरमा रहेको ब्यवसाय दर्ता तथा नविकरणलाई पालिका स्तरिय अभियानको रुपमा संचालन गरिनेछ ।
७. पालिकावाट प्रवाह गरिने सेवा सुविधा र वितरण गरिने बस्तुहरुको उपभोग गर्ने ब्यक्ति तथा कुनै सार्वजनिक सरोकारको विषयमा समितिमा रहने ब्यक्तिहरुले अनिवार्य सार्वजनिक सम्पत्ति कर बुझाउनु पर्ने ब्यवस्था लागु गरिनेछ ।

**घ) तथ्याङ्क, योजना तथा विकास परिचालन**

१. गाउँपालिका भित्र रहेका स्रोतसाधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्वचित्र (Digital LG Profile) तयार गरिनेछ।
२. योजना कार्यलाई नियमित र प्रभावकारी बनाउन अनुगमन समितिका साथै जनप्रतिनिधि सम्बन्धित प्राविधिक सञ्चारकर्मी तथा स्थानीय समुदायको सहभागितामा आयोजनाको नियमित विस्तृत रुपमा स्थलगत अनुगमन तथा प्रगति लेखाजोखा गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरिनेछ ।
३. आयोजना संञ्चालन अवस्था तथा सम्पन्न भएपछि आम उपभोक्ता तथा सरोकारवालाको सहभागिता र नागरिक समाज सहितको सहजिकरणमा सार्वजनिक सुनुवाई सार्वजनिक परीक्षणलाई अनिवार्य गरी आयोजनाको पारदर्शिता प्रभावकारीता र जवाफदेहिता अभिबृद्धि गरिनेछ ।
४. पूर्वाधार विकास सम्बन्धी आयोजना निर्माण गर्दा आयोजनाको संचालन मितव्ययी हुने, लागत सहभागिता तथा प्रभावकारिता वृद्धिको सुनिश्चितता हुने अवस्थामा पूर्वाधार निर्माण कार्यलाई आवश्यकता अनुसार टोल विकास संस्था, महिला तथा आमा समुह, विद्यालय तथा स्वास्थ्य संस्था व्यवस्थापन समिति, सामुदायिक वन तथा उपभोक्ता समिति र गैर सरकारी संस्था मार्फत कार्यान्वयन गरिनेछ ।
५. मर्मत सम्भार कोष संचालन सम्बन्धी कार्यविधि निर्माण गरी एक लाख भन्दा कम लागत लाग्ने मर्मत सम्भार प्रकारका योजनाहरुका लागि मर्मत सम्भार कोषवाट खर्च गर्ने गरी कार्यान्वयन गरिनेछ ।
६. यस महाबु गाउँपालिका भित्रमा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजनाहरुको लागत साझेदारी न्यूनतम २० प्रतिशत हुने गरी कार्यान्वयन गर्दै लगिनेछ ।

७. उपभोक्ता समितिलाई आयोजनाको प्राविधिक पक्ष डिजाइन स्टीमेट मापदण्ड मर्मत सम्भार आदि र ब्यवस्थापकिय पक्ष (उपभोक्ता समिति परिचालन, खरिद प्रक्रिया, जिम्मेवारी बाँडफाँड रकम निकासा कार्ययोजना सार्वजनिक परीक्षण तथा फरफारक आदी) विषयमा ब्यवस्थित रुपमा तालिम प्रदान गरी क्षमता अभिबृद्धि गरिनेछ ।

८. समुदाय स्तरमा संञ्चालन हुने विकास निर्माणका वारेमा समुदाय स्तरमा जानकारी दिने योजनामा हुने अनियमिततालाई पारदर्शि बनाउन नागरिकलाई विकासको अपनत्व सिर्जना गर्न Know First Project कार्यक्रम संञ्चालन गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

प्रस्तुत नीतिको प्रभावकारी कार्यान्वयनबाट महाबु गाउँपालिकाको समृद्धी र विकासमा उल्लेखनीय योगदान पुग्ने अपेक्षा गरेको छु । साथै, महाबु गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउने नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदारहरु (सिकाइ परियोजना, USAID,UNICEF,SNV Nepal, Helvetas Nepal, बन हर्ट वर्ल्डवाईड, सुआहारा, स्वास्थ्यका लागि सक्षम प्रणाली, महिला सशक्तिकरण मञ्च, किर्डाक नेपाल,सहास नेपाल, सोसेक नेपाल, एभरेष्ट क्लव दैलेख) निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारीहरु, आम नागरिक र सम्पूर्ण बुद्धिजीवी एवं प्रबुद्ध वर्गमा हार्दिक अपिल गर्दछु । अन्त्यमा आगामी आर्थिक वर्षको प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा रचनात्मक सल्लाह, सुझाब तथा सहयोग प्रदान गर्नुहुने विभिन्न राजनीतिक दलहरु, जनप्रतिनिधीज्यूहरु, नागरिक समाज, पत्रकारज्यूहरु, विभिन्न विकास साझेदार निकायहरु लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

मितिः २०८१ असार १०

**मन्जुकुमारी शर्मा (पाण्डे)**
**गाउँपालिका का वा अध्यक्ष**
महाबु गाउँपालिका, दैलेख ।